# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः९ मितिः २०७९।०९।२२

## भाग-२

## इनरुवा नगरपालिका

# इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि -२०७९

नगर कार्यपालिकाबाट स्वीकृति मितिः २०७९।०९।२०

प्रमाणीकरण मितिः २०७९।०९।२१ गते

# इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि- २०७९

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ को उपदफा ५ बमोजिम इनरुवा नगर कार्यपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न यो **" इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७९ "** तर्जुमा गरिएका छ ।

## परिच्छेद - १
## उदेश्य, संक्षिप्त नाम र परिभाषा

**१. कार्यविधिको उदेश्यः**

इनरुवा नगरपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएका प्रयास तथा कार्यसम्पादनका लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्न यस **" इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७९ "** को उद्देश्य हुनेछ । यस कार्यविधिले सामाजिक परीक्षणका व्यवस्था इनरुवा नगरपालिकाले अनिवार्य रूपमा लागु गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न सहयोग पुऱ्याउनेछ ।

**२.संक्षिप्त नाम र प्रारम्भ**

यो कार्यविधिको नाम **" इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७९"** राखिएका छ । यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेका मितिदेखि लागु हुनेछ ।

**३. परिभाषा**

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले इनरुवा नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "बोर्ड" भन्नाले नगर कार्यपालिकाको बोर्डलाई सम्झनु पर्दछ ।

(घ ) "इनरुवा नगरपालिकाको प्रमुख" भन्नाले इनरुवा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्नेछ ।

( ङ ) "विषय गत शाखा" भन्नाले इनरुवा नगरपालिकाको विभिन्न विषयगत शाखा लाई सम्झनुपर्छ ।

(च) "विकास साझेदार" भन्नाले इनरुवा नगरपालिका सग भएका सम्झौता बमोजिम नगद, जिन्सी एव प्राविधिक सहयोग उपलव्ध गराउन द्विपक्षीय एव बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र संघीय निकायहरु तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था आदि सम्झनुपर्छ ।

(छ) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(ज) "सामाजिक परीक्षण" भन्नाले इनरुवा नगरपालिकाले तयार पारेको सामाजिक परिक्षण कार्यविधि २०७९ लाई सम्झनु पर्दछ र इनरुवा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७९ मा उल्लेख भए अनुसारका सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनका लेखाजोखा सम्झनुपर्छ ।

(झ) "सार्वजनिक परीक्षण" भन्नाले इनरुवा नगरपालिकाको सार्वजनिक परीक्षण, २०७९ लाई सम्झनु पर्दछ र इनरुवा नगरपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७९ बमोजिम विकास कार्यक्रममा भएका लगानीका लेखाजोखा सम्झनुपर्छ।

(ञ) "गैर सरकारी संस्था" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि पचलित कानून बमोजिम स्थापना भएका र इनरुवा नगरपालिकाको नगर सभाबाट आफनो कार्यक्रम स्वीकृत गराई इनरुवा नगरपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्न गैर नाफा मूलक संस्था सम्झनुपर्छ।

(ट) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कजा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्न उद्देश्यल निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा इनरुवा नगरपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ।

(ठ) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा इनरुवा नगरपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ।

(ड) "योजना" भन्नाले इनरुवा नगरकोको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएका आवधिक नगर विकास योजना, वार्षिक नगर विकास योजना, क्षेत्रगत योजना र यस्ता प्रकारका अन्य योजनालाई सम्झनुपर्छ।

(ढ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका क्षेत्रगत, विषयगत, श्रोतगत वा वडा स्तरिय कार्यक्रम सम्झनुपर्छ।

(ण) "आयोजना" भन्नाले कुन भौगोलिक क्षेत्र वा कार्य क्षत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजना सम्झनुपर्छ।

(त) "अनुदान" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकार बाट नगरपालिकालाई प्राप्त हुने वितिय समानिकरण अनुदान, राजश्व बाडफाड अनुदान, सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान, अन्य विभिन्न मन्त्रालय, कार्यक्रम, जिल्ला समन्वय समिति, कोष र दात निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेतलाई सम्झनुपर्छ।

(थ) "सामाजिक जिम्मेवारी" भन्नाले इनरुवा नगरपालिकाले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्वलाई जनाउदछ।

(द) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र

सामाजिक रूपमा पिछडिएका वगहरू (सबै जातजातिका विपन्न वगहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारल लक्षित समूह भनी तोकेका वग एव समुदाय सम्झनुपर्छ।

### परिच्छेद -२

**४.सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था**

४.१ इनरुवा नगरपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसका सामाजिक उपलब्धि तथा कार्यसम्पादनका लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाइ समेटदै इनरुवा नगरपालिकालाई ऐन तथा नियमावलीमा तोकेका सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएका सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिका सामाजिक विकासका सूचक लाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएका पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्नका लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिन छैन ।

४.२ इनरुवा नगरपालिकासँग सामाजिक परीक्षकका रूपमा सेवा करारमा नियुक्त गर्नेछ । कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकका रूपमा सेवा करारमा लिन सकिने छ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा उक्त संस्थासँग निर्धारित योग्यता भएका बिज्ञ उपलब्ध भएको हुनु पर्नेछ । निजहरूको कार्य विवरण र योग्यता अनुसूची १ मा उल्लेख गरिएको छ ।

४.३ सामाजिक परीक्षण कार्यका समन्वय तथा इनरुवा नगरपालिकाको तथा सामाजिक परीक्षकलाई सहयोग गर्न आवस्यक देखिएमा इनरुवा नगरपालिकाकाले निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सक्नेछ :-

४.३.१ नगर समितिको हकमा,

क. नगर प्रमुख : संयोजक
ख. नगर उपप्रमुख : सह संयोजक
ग. प्रमुख प्रशासकिय अधिकृत : सदस्य
घ. महिला बालबालिका शाखा प्रमुख : सदस्य
ङ. स्वास्थ्य शाखा प्रमुख : सदस्य
च. शिक्षा शाखा प्रमुख : सदस्य
छ. योजना शाखा प्रमुख : सदस्य
ज.उधोग बाणिज्य संध प्रतिनिधि : सदस्य
झ. स्थानिय गै.स.स.प्रतिनिधि : सदस्य
ञ. सुचना अधिकृत : सदस्य
ट.. सामाजिक विकास शाखा प्रमुख : सदस्य-सचिव

४.३.२ वडाको हकम

क. वडा अध्यक्ष वा वडा अध्यक्षले तोकिएका व्यक्ति : संयोजक
ख. कृषि सेवा केन्द प्रमुख : सदस्य
ग. पशु सेवा केन्द प्रमुख : सदस्य
घ. प्राथमिक स्वास्थ्य केन्द्रका प्रतिनिधि वा स्वास्थ्य चौकीका प्रमुख : सदस्य
ङ .बि. व्य.समितिका अध्यक्षहरू मध्येबाट वडाले छानेका एक जना अध्यक्ष : सदस्य

च. वडा सचिव : सदस्य-सचिव

तर, इनरुवा नगरपालिकामा यस्ता समिति गठन नभएका अवस्थामा समेत परामर्शदाता वा विज्ञ ( सामाजिक परीक्षक) मार्फत इनरुवा नगरपालिका र विषयगत कार्यालयका कर्मचारीहरूका सहयोगमा सामाजिक परीक्षण कार्य संचालन गर्न सक्नेछन् । वडाको हकमा वडा संग अनिवार्य समन्वय गर्नु पर्ने छ ।

## परिच्छेद - ३
## सामाजिक परीक्षण विधि र प्रतिवेदन

### ५.परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्नुपर्नेछ :

### ५.१ सन्दर्भ सामग्री अध्ययन र समिक्षा

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीका रूपमा इनरुवा नगरपालिकाको सम्बन्धीत विषयका ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, इनरुवा नगरपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूका समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतबर्षका सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीका अध्ययन गर्नु पर्नेछ । त्यस्ता सामाग्रीहरुका अध्ययन पश्चात इनरुवा नगरपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा समिक्षा र विश्लेषण गर्नु पर्नेछ ।

### ५.२ अन्तरवाता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल

सामाजिक परीक्षकले निम्न सूचकहरूको आधारमा इनरुवा नगरपालिकाको पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय पमुखहरुसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको साना समूह बनाई समूह छलफल गर्नु पर्नेछ । आवस्यकता अनुसार स्थलगत निरिक्षण र अवलोकन गरी सामाजिक कार्यसम्पादनका अवस्था सुनिश्चित गर्नु पर्नेछ । यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूका कार्यान्वयनको अवस्था र भावी कायदिशाको बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन (अनुसूची २ र ३) तयार गन पर्नेछ ।

### ६) प्रतिवेदन प्रस्तुति तथा छलफल

अनुसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ ।

- कार्यक्षेत्रका परिचय
- इनरुवा नगरपालिकाको प्राथमिकता तथा लक्षहरू
- गतवर्षका मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरू का आधारमा प्रस्तुत गर्ने )
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- समस्याहरू

- सुधारका लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

**७) प्रतिवेदन तयारी**

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन ( अनुसूची ४ ) तयार गन पर्नेछ ।

**८) सामाजिक परीक्षणमा समावेश गराउनु पर्ने विषयगत शाखाहरू र इनरुवा नगरपालिकाको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा इनरुवा नगरपालिकाको अभिन्न अगका रूपमा सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ ।**

**९.सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीका तयारी**

९.१ अनुसूची २ र ३ अनुसारको प्रतिवेदन स्थानीय भेलामा प्रस्तुत गरिनेछ ।

९.२ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिका कार्यक्रममा उपस्थित हुने इनरुवा नगरपालिकाकोका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास सस्था, तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) सग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ ।

९.३ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाइ समेत आमन्त्रण गर्नु पर्नेछ ।

९.४ भेला इनरुवा नगरपालिकाको प्रमुखका अध्यक्षतामा बस्नेछ ।

**१०. सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तति कार्यक्रम संचालन विधि**

१०.१ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तति कार्यक्रममा सहभागीहरूका उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूका नाम, पद, ठेगाना,सम्पर्क नम्वर, ईमेल ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुन पर्नेछ ।

१०.२ कार्यक्रमका प्रारम्भमा सहभागीहरूलाइ कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहिताबारे जानकारी दिनपर्नछ ।

१०.३ सामाजिक परीक्षकले अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण सहभागिहरुलाई उपलब्ध गारई प्रस्तुत गर्नेछ ।

१०.४ प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिका तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलका माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-

- इनरुवा नगरपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेका प्रभाव सुचकका आधारमा इनरुवा नगरपालिकाले गरेका विकास याजनाहरूमा जन सहभागिताका स्थिति,
- इनरुवा नगरपालिकाले समयमा सेवा सुविधा दिन सके नसकेको अवस्थामा जनताले भोग्न परेका समस्याहरू
- इनरुवा नगरपालिकाको तर्फबाट पेश गरेका विवरण प्रतिका विश्वसनीयता
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूका प्रभावकारिता
- इनरुवा नगरपालिकाले दिएका सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएका समय र कार्य सम्पादनका स्तर

सामाजिक उत्तरदायित्व परा गन इनरुवा नगरपालिकाकोका वर्तमान काय तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

१०.५ सहभागीहरूल कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाइ सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकल टिपोट गरी राख्नुपर्दछ। सहभागीले राखेका जिज्ञासा तथा विचारमा इनरुवा नगरपालिकाको तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ।

१०.६ सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयारी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

## परिच्छेद ४
## प्रतिवेदन कार्यान्वयन

**११.प्रतिवेदन पेश गर्नुपर्ने**

सामाजिक परीक्षकले सामाजिक प्रतिवेदन अनुसूची-४ इनरुवा नगरपालिकाको प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

**१२.प्रतिवेदन सार्वजनिक गर्नुपर्ने**

इनरुवा नगरपालिकाले सो प्रतिवेदन नगरसभामा पेश गरी मूख्य मूख्य बुदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ।.सामजिक परीक्षण प्रतिवेदनले औंल्याएको कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न इनरुवा नगरपालिकाले नीतिगत निर्णय गर्न सक्नेछ।

## परिच्छेद ५
## आचार संहिता

**१३.आचार संहिता**

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारको आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।
- तथ्यांब र सूचनाको आधारमा रही विचार राख्ने।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने।
- व्यक्ति वा संस्थाका सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्न समय दिएपछि मात्र सहभागीहरूले आफ्नो कुराहरू राख्ने।
- बोल्दा पाले पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काका कुरा नकाटने।

**१४. कागजात उपलब्ध गराउन पर्ने**

सामाजिक परीक्षण समन्वय समिति तथा सामाजिक परीक्षकले मागेकौ विवरण तथ्यांक, सूचना तथा कागजात इनरुवा नगरपालिकाको, विषयगत शाखा, गै.स.स.तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - ६

## विविध

**१५. गैसस तथा अन्य सार्वजनिक संस्थाहरूका सामाजिक परीक्षण कार्यविधि :** गैसस तथा अन्य सार्वजनिक संस्थाहरूले पनि समाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्नेछन सो गर्न गराउन इनरुवा नगरपालिकाले समन्वय गर्नु पर्नेछ ।

**१६. थपघट र हेरफेरः** यस कार्यविधिका कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्ता बाधा अडचन फुकाउन प्रयोजनका लागि नगरपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१७. खारेजी तथा बचाउ :** (१) यस कार्यविधि बमोजिम यस अघि भए गरेका सपूर्ण काम कारवाही यस कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

(२) यस कार्यविधिको कुनै प्रावधान प्रचलित ऐन कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूची १

(वुदा ४.२ सँग सम्वन्धित )

सामाजिक परीक्षक सम्वन्धी व्यवस्था

इनरुवा नगरपालिकाले एक बर्ष सम्म सम्पादन गरेका कामहरूबाट के कति सामाजिक विकास भयो अथवा नगरपालिकाको सामाजिक जिम्मेवारी पुरा गर्न सम्पादन भएका कामहरू, उपलब्धिहरू र प्रभावहरूका लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रूपमा प्रत्यक्ष दुई बिज्ञको समुहलाई सामाजिक परीक्षकका रूपमा सेवा करारमा नियुक्त गर्नेछ । संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिने छ । संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिदाको अवस्थामा निर्धारित योग्यता भएका मानव श्रोत भएको हुनु पर्नेछ ।

**१. सामाजिक परीक्षकका योग्यता**

- नगरपालिकाको हकमा स्नातकोत्तर तथा वडाको हकमा स्नातकोत्तर वा स्नातक भई सम्वन्धित क्षेत्रमा अनुभव,
- सामाजिक परीक्षण सम्बन्धी अनुशिक्षण प्राप्त,
- इनरुवा नगरपालिकाको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको,

**२. पारिश्रमिक**

सामान्यतया सामाजिक परीक्षकका लागि नगरपालिकाको हकमा ३० दिन, र वडाको हकमा १५ दिनको कार्य दिन तय गरी आर्थिक नियमावली अनुसार सेवा पारिश्रमिक तय गर्न सकिनेछ ।

**३.सामाजिक परीक्षकको कामहरू**

सामाजिक परीक्षणको कामलाई ३ चरणमा विभाजन गरिएका छ ।

**क) तयारीको चरण**

- यस चरणमा निजले बाह्य वा आन्तरिक रूपमा सुचना संकलन गनु पर्नेछ । सामाजिक परीक्षकले,
- सन्दर्भ सामाग्रिको रूपमा इनरुवा नगरपालिकाको सम्बन्धीत ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरूको अध्यन गर्ने,
- इनरुवा नगरपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना ( विषयगत शाखाहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्ष का सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ ।

**ख) विवरण तयारी तथा प्रस्तुतीको चरण**

इनरुवा नगरपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि नगरपालिकाको पदाधिकारीहरू, कार्यालय पमुख, शाखा तथा आयोजना प्रमुख, विषयगत शाखा प्रमुख तथा जिम्वेवार कर्मचारीसँग अर्धसंरचित (Semi Structure) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाइ समूह छलफल गर्नु पर्नेछ । तिनीहरूका सम्पादनका अवस्था प्रमुख समस्या, चुनौती र भावी कायदिशाका बारेमा गहन अध्ययन गरी सो समेत अनुसूची २ र ३ अनुसारको विवरण तयार गर्नु पर्नेछ ।

अन्त्यमा सम्पुर्ण सरोकारवालाको भेलामा सो विवरण प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।

**ग) प्रतिवेदनको चरण**

सरोकारवालाको भेला पश्चात सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ । भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन वुझाउनु पर्नेछ ।

**अनुसूची-२**

(बुदा १०.३ सँग सम्वन्धित)

## इनरुवा नगरपालिकाको. समाजिक परीक्षकको प्रतिवेदन

( बृहत छलफलमा प्रस्तुत गरिने)

नाम : इनरुवा नगरपालिकाको सामजिक परिक्षणको प्रतिवेदन

मिति :...............................

१. इनरुवा नगरपालिकाको परिचय (बुंदागत रूपमा लेख्ने)

२. इनरुवा नगरपालिकाको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :

३. गतवर्षका मुख्य मुख्य उपलब्धिहरू (बुंदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकका रूपमा प्रस्तुत गर्ने) :

५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीका क्षेत्र | गत बर्षका अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएका घरधुरी सख्या | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएका जनसंस्या ( एक बर्ष मुनीको बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्ववती जाच गरिएका महिलाको सख्या ( पतिशतमा) | | | |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको सख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिको सख्या | | | |
| स्वास्थ्य केन्द्र, हेल्थपोष्ट वा शहरी स्वास्थ्य केन्द्र बाट सेवा लिने संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको सख्या | | | |
| पुर्व पाथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहच नभएको सो | | | |

| | | | |
|---|---|---|---|
| उमेर समुहका बालबालिका संख्या / पतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोडन कक्षा दाहाऱ्याउने र कक्षा उत्तिण हने दर | | | |
| पाथमिक तहमा तालिम पाप्त शिक्षक सख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी सख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा सख्या | | | |
| इनरुवा नगरपालिकाबाट निर्मित विद्यालय कक्षा कोठा | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेका परिवार संख्या वा प्रतिशत | | | |
| सौचालय भएका सख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएका प्राथमिक विद्यालय | | | |
| सौचालय भएका परिवार सख्या | | | |
| सुधारिएको चुलो भएका परिवार सख्या | | | |
| श्रोतमा फोहर छुट्याउने घर धुरी संख्या | | | |
| पुर्ण सरसफाई वातावरण मैत्री भएको घर | | | |
| फोहर प्रशोधन केन्द्रको व्यवस्थापन अवस्था | | | |
| **बालबालिको, महिला तथा समावशी क्षेत्र** | | | |
| बाल बिवाहको सख्या | | | |
| सामाजिक बिकति, विसगति | | | |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएका क्षेत्र तथा लापन्मख जाती) | | | |
| जनचेतना तथा गरिवी निवारण | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिशाको अवस्था | | | |
| रोजगारीको अवस्था | | | |
| स्वराजगारको पयासहरू | | | |
| गरिवी निवारणका पयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वतावरण सुधारका पयासहरू | | | |
| एच.आइ.भि र एडस | | | |
| विकासमा समान सहभागिता सवालहरूमा पहच | | | |
| स्थानीय वजारको अवस्था र पुग्न लाग्ने समय | | | |
| कषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भगोलिक क्षेत्र, महिला, पिछडिएका तथा | | | |

| | | | |
|---|---|---|---|
| सीमान्त वर्गका संख्या, निजहरूल पाएका | | | |
| **सस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कायक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका पयासहरू | | | |
| अन्य सामाजिक सम्पादनकौ क्षत्रहरू | | | |

५. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

६.सुधारका लागि चाल्नुपन कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :

सामाजिक परिक्षकका नाम :
दस्तखत :
संस्थाका नाम ( यदि सस्था भएमा) :
मितिः

## अनुसूची- ३

(बुदा १०.३
सँग
सम्वन्धित)

.................विषयगत शाखा/गैर
सरकारी संस्था
सामाजिक परीक्षकका प्रतिवेदन

( बृहत छलफलमा प्रस्तुत गरिने)

१. विषयगत शाखा/ गैर सरकारी संस्था का नाम :

२. लक्ष्य

क.

ख.

ग.

घ.

३. मूख्य उद्देश्य बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

४. गत आर्थिक वषमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयाजनाका नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

५. सरोकारपक्षका चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुंदागत रूपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

घ

६. सामाजिक जिम्मेवारी बहन गन क्षमता

| सामाजिक जिम्मवारीको क्षेत्र | सुचक सहितका कामका विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :

क.

ख.

ग.

घ.

८. भावी कार्यक्रम संचालनका लागि चाल्नुपन कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

सामाजिक परिक्षकका
नाम :
दस्तखत :
संस्थाका नाम ( यदि सस्था भएमा) :
मितिः

**अनुसूची-४**
(बुदा ११ सँग सम्बन्धित)

## सामाजिक परीक्षकले इनरुवा नगरपालिकाको प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री नगर प्रमुख ज्यू
श्री इनरुवा नगरपालिका, सुनसरी

विषय : सामाजिक परिक्षण प्रतिवेदन पेश गरेको ।

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणका उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत छलफल कार्यक्रमका विवरण
क) मिति : ख) स्थान : ग) समय :

६. इनरुवा नगरपालिकाको र विषयगत शाखा/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने ( अनुसची २ र ३ )

७. सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु ( बुदागत रुपमा लेख्ने)

८. सामजिक परीक्षणवाट देखिएका चुनौती था कमिकमजोरीहरु ( बुदागत रुपमा लेख्ने) ९.

सामाजिक जिम्मेवारी पुरा गर्ने इनरुवा नगरपालिकाले चाल्नु पर्ने कदमहरु व सुझावहरु

सामाजिक परीक्षकका नाम :
दस्तखत :
संस्थाको नाम (यदि सस्था भएमा)
:
मितिः